बैठक संख्या : ७५

मिती : २०७७।०४।१९ गते

स्थान : राप्ती नगरपालिका

समय : साझ ५: ०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

उपस्थिति

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ का.वा. वडाध्यक्ष कान्छा बे. लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

क.अ. श्री रमेश चौधरी

सह लेखापाल संजीव रेग्मी

**बैठक संख्या : ७५**

**प्रस्तावहरु**

**मिती : २०७७।०४।१९ गते**

१. दररेट निर्धारण सम्बन्धमा ।
२. समीक्षा बैठक र सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा ।
३. मृतक राज कुमार चेपाङको परिवारलाई अर्थिक सहायता सम्बन्धमा ।
४. कोरोना कोष व्यवस्थापन खर्च सम्बन्धमा ।
५. नदीजन्य पदार्थको उत्खनन् सम्बन्धमा ।
६. कार्य सम्पादन मुल्याङ्कन फारम स्वीकृत गर्ने सम्बन्धमा ।
७. लोथर खोलाको नदीजन्य पदार्थको ठेकेदारको जरिवाना सम्बन्धमा ।
८. क्रमागत योजना संचालन सम्बन्धमा ।
९. विविध ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा जिल्ला समन्वय समितिबाट प्राप्त जिल्ला दररेटको विषयमा वफारदार रुपमा छलफल भएको केही दररेटहरुमा भौगोलिक अवस्थालाई विश्लेषण गरि सच्याउनु पर्ने देखिएकोले सो दररेट पुस्तिका मसिनो रुपमा अध्ययन गरी आवश्यक परिमार्जन सहित अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा राप्ती नगरपालिकाको आ.व. ०७६।७७ मा संचालन भएको योजना तथा कार्यक्रम लगायतको विषयमा समिक्षा गर्न तथा सार्वजिक सुनुवाइ गर्न मिति २०७७ भाद्र १५ अघि गरि सक्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा राप्ती नगरपालिका वडा नं. २ निवासी श्री राज कुमार चेपाङ मिति २०७७।०४।०१ गतेका दिन चितवन राष्ट्रिय निकुञ्जमा घुङ्गी टिप्न जानेक्रममा राज्यबाट खटिएका सेनाको कुटपिटबाट गम्भिर गाइते भइ उपचारको क्रममा निधन हुन गएकोले निज मृतकको परिवारलाई राहत स्वरुप रु ७ लाख चितवन राष्ट्रिय निकुञ्जबाट उपलब्ध गर्ने तथा पिडित परिवारले कम्तिमा रु १० लाख माग गरेको र सो माग पुरा नहुदा समस्या अत्याधिक बढ्दै जाने अवस्था सृजना हुने भएकोले नगर सरकारको तर्फबाट विपत व्यवस्थापन शिर्षकबाट खर्च गर्ने गरी रु ३ लाख आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा राप्ती नगरपालिकामा कोराना भाइरस नियन्तण तथा व्यवस्थापनको लागि हाल सम्म भएको देहाय अनुसारको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. राहत सामग्री | रु ६५५३६९०। |
| २. स्वास्थ्य सामग्री | रु १६६४८४१। |
| ३. क्वारेन्टाइन सामग्री | रु ७०१०१७। |
| ४. क्वारेन्टाइन खाना खाजा तथा आवास खर्च | रु २३०२९७८। |
| ५. सवारी भाडा | रु २८४७६५। |

Scanned with CamScanner

**बैठक संख्या : ७५** **मिती : २०७७।०४।१९ गते**

| | | |
|---|---|---|
| ६. | इन्धन | रु १३६२१४। |
| ७. | एम्बुलेन्स भाडा खर्च | रु २८५४४६। |
| ८. | कोराना विमा पदाधिकारी तथा कर्मचारी | रु १३७४२०। |
| ९. | कर्मचारी जोखिम भत्ता | रु १९८७१०१। |
| १०. | अन्य तथा विविध खर्च | रु ६१५७६९। |
| ११. | क्वारेन्टाइन व्यवस्थापन खर्च (२०७७ साउन महिना) | रु ९६४५८६। |
| | **कुल जम्मा** | **रु १५६३३८२७।** |

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा राप्ती नगरपालिका क्षेत्र भित्र रहेका लोथर खोला, मार्ताल खोला, ढुङ्ग्रे खोला, लदरा खोला, दुधकोसी खोला, सुख्खा खोला लगायतका खोलाहरु नदीजन्य पदार्थ उत्खनन तथा विक्री वितरण गर्नको लागि वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) लगायतका कामकाज गर्न कार्य प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा राप्ती नगरपालिका अन्तर्गतका कार्यालयहरुमा कार्यरत स्थानीय सेवाका स्थायी कर्मचारीको कार्य सम्पादन मुल्याङ्कन भर्ने प्रयोजनको लागि नेपाल सरकारले संघीय निजामति कर्मचारीलाई भर्ने व्यवस्था गरेको कार्य सम्पादन मुल्याङ्कन फारम नै व्यवस्था गरि सहायक स्तर पाचौ तह सम्मका कर्मचारीले राजपत्र अनंक्रित श्रेणीका कर्मचारीले भर्ने फारम, छैठौ, सातौ र आठौं तहका अधिकृतका लागि रापपत्राङ्कित तृतिया श्रेणीका कर्मचारीले भर्ने फारम र सो भन्दा माथिका कर्मचारीका लागि राजपत्राङ्कित द्बितीय श्रेणीका कर्मचारीले भर्ने फारम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा राप्ती नगरपालिका अन्तर्गत लोथर खोलामा नदीजन्य पदार्थ संकलन तथा बेचबिखन कार्यका लागि मिति २०७६।०८।०९ मा ठेकेदार हाइवे कन्ट्रक्सन प्रा लि विच भएको सम्झौता बमोजिम अन्तिम किस्ता विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ कारण रकम समयमा दाखिला गर्न नसक्ने भनि मिति २०७७।०३।०४ र मिति २०७७।०३।३१ गते यस कार्यालयमा निवेदन पेश गरेको सो निवेदन माथि छलफल गर्दा हाल परिस्थिति कोभिड-१९ कोराना भाइरसको प्रभावका कारण कार्य गर्न समेत असजिलो भएको हुदा जरीवाना रकम प्रचलित कानुनको भावना प्रतिकुल नहुने भएमा मिनाहा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा गत आ.व. ०७६/७७ मा संचालन योजना तथा कार्यक्रम कार्यान्वयन गर्नेक्रम लकडाउन लगायत विविध कारणले गर्दा अधुरो रहेको तथा कतिपय योजनाहरुमा टेन्डर भइ सकेकोले उक्त योजनाहरु सम्पन्न गर्नेपर्ने भएको हुँदा गत आ.व.मा खर्च नभएको मौज्दात रकमबाट देहाय अनुसारको योजना तथा कार्यक्रमहरु क्रमागत योजनामा राखि निरन्तरता दिने निर्णय गरियो ।

Scanned with CamScanner

आ.व. ०७६/७७ को मौज्दात कोषबाट संचालय हुने क्रमागत योजना तथा कार्यक्रम

| क्र सं. | क्रमागत योजनाको नाम | स्थल | वडा नं. | रकम रु हजार | कैफियत |
|---|---|---|---|---|---|
| १ | पेमा थर्वलिङ बौद्ध गुम्बा भवन निर्माण | थाकलटार | ११ | २००० | |
| २ | विभिन्न बाटो ग्रेवल | मंगलटाँडी | ५ | १७५ | |
| ३ | डिपार्ट कृषी सडक | डिपार्ट | १ | २००० | प्रदेश राजश्व |
| ४ | सिमरा चोकबाट प्रतापपुर पिच | सिमरा | १ | १००० | समानिकरण |
| ५ | बनस्पति आधारभुत विद्यालय दुविचौर | दुविचौर | १ | २०० | समानिकरण |
| ६ | इच्छा कामना मन्दिर संस्कृति प्रर्वद्धन | कैलाशपुरी बन | २ | २०० | समानिकरण |
| ७ | रत्नमित्र पिच निर्माण | रत्नमार्ग | २ | १००० | प्रदेश राजश्व |
| ८ | आ वि सुन्दर बस्ती कम्पाउण्ड | सुन्दरबस्ती | ३ | ४०० | सार्वजनिक जग्गा संरक्षण |
| ९ | ३ नं. वडा कार्यालय भवन निर्माण | झुरझुरे | ३ | **५०००** | **वडाको १० लाख र बाकी न ा** |
| १० | महाकाली ब्रम्हथानी पञ्चकन्या मार्ग पिच मध्य पञ्चकन्या मार्ग | झुरझुरे | ३ | ७०० | आन्तारिक स्रोत |
| ११ | महाकाली मार्ग | | ३ | ७०० | आन्तारिक स्रोत |
| १२ | प्रतापपुर माउकुलो ४ नं. पक्की वाल निर्माण | | ३ | ४०० | समानिकरण |
| १३ | महाकाली मार्ग बाटो ग्रेवल | | ३ | १०० | ............. |
| १४ | विद्‍युत विस्तार थाकलटार गोडडाडा चारकिल्ला | | १० | १००० | |
| १५ | विद्‍युत लाइन विस्तार खिराइटार | | १० | ४०० | |
| १६ | **रातो पहरा चेकड्याम निर्माण स्वीस** | | १० | | |
| १७ | पोल्पिङ हुदै स्यामराङ मोटरेवल बाटो निर्माण | पोल्पिङ | १३ | ४००० | |
| १८ | वासवाङ हे पो भवन निर्माण | वासवाङ | १३ | १५०० | |
| १९ | पिप्ले स्वास्थ्य चौकी | | २ | ३०० | |
| २० | ठकुरी भन्ज्याङ फासराङ मोटर बाटो | | १२ | १००० | |
| २१ | झुकी डाडा खानेपानी | | १२ | २०० | |
| २२ | वृक्षारोपण कार्यक्रम कम्पाउण्ड सहित | | १२ | ५०० | |
| २३ | रेवती खानेपानी | | १२ | २०० | |
| २४ | १२ नं. वडा कार्यालय भवन निर्माण योरालीटार | योरालीटार | १२ | **३०००** | प्रदेश राजश्व १० र ३५ न पा |
| २५ | योरती खानेपानी | | १२ | ६६६ | |
| २६ | विपन्न आवास २ घर | | १२ र १३ | ७०० | १ लाख ११ वडाको |
| २७ | सान्थली विद्यालय | सान्थली | १३ | ८०० | |
| २८ | विधुत विस्तार | | १२ | २५०० | |

Scanned with CamScanner

आ.व. ०७६/७७ को मौज्दात कोषबाट संचालय हुने क्रमागत योजना तथा कार्यक्रम

| क्र सं. | क्रमागत योजनाको नाम | स्थल | वडा नं. | रकम रु हजार | कैफियत |
|---|---|---|---|---|---|
| २९ | जस्ता पाता | | | | |
| ३० | आदर्श मार्ग पिच | | ४ र १३ | ५०० | |
| ३१ | सडक बोर्डको योजनाबाट बाटो ग्रेवल | | ४ | १२०० | |
| ३२ | सिकारी टोलमा डिप बोरिङ निर्माण | | | ८४० | |
| ३३ | छङ्गाली टोलमा डिप बोरिङ निर्माण | | ९ | ९०० | प्रदेश राजस्व |
| ३४ | स्वास्थ्य केन्द्र निर्माण ६ वटा | | ९ | ९०० | प्रदेश राजस्व |
| ३५ | बाटो ग्रेवल | | | ३००० | |
| ३६ | शिक्षा शाखा इ सि डी लाई थप | | ३ | १५० | |
| ३७ | गुरुङ समाज समादी स्थल तथा भौतिक निर्माण | | | ८०० | |
| ३८ | १ नं. वडा कार्यालय भवन निर्माण | विरेन्द्रनगर | ७ | १५०० | |
| ३९ | २ नं. वडा कार्यालय भवन निर्माण | | १ | **३०००** | १६ लाख वडा |
| ४० | ६ नं. वडा कार्यालय भवन निर्माण | | २ | ३००० | ४० लाख जि स स |
| ४१ | ८ नं. वडा कार्यालय भवन निर्माण | | ६ | ९७०० | |
| ४२ | ९ नं. वडा कार्यालय भवन निर्माण | | ८ | ८५०० | |
| ४३ | ११ नं. वडा कार्यालय भवन निर्माण | | ९ | ७५०० | |
| ४४ | १३ नं. वडा कार्यालय भवन निर्माण | | ११ | ८००० | |
| ४५ | पशु प्रयोगशाला | | १३ | ३००० | |
| ४६ | नगरपालिका प्रशासनिक भवन निर्माण | | ४ | ४००० | |
| ४७ | **प्रदेश योजनाको लागि समपुरक कोष** | | ५ | ६००० | |
| ४८ | **अन्य समपुरक कोष** | | | | |
| ४९ | पाम्पा खोला तटबन्धन | | | १०००० | |
| ५० | ढुङ्गे खोला तटबन्धन (हर्दि कुलो मुहानमा) | | ६ | ३००० | |
| ५१ | विरेन्द्रनगर खानेपानी | | ६ | ४०० | |
| ५२ | महाकाली मन्दिर | | ९ | १५० | |
| ५३ | MTMP | | ३ | ७०० | |
| ५४ | जि स स को योजनाको लागत सहभागिता | | | १५०० | |
| ५५ | साझा मार्ग, पडरिया धमौरा सडक खण्ड र पम्पा पुलदेखि लौगाइ जाने बाटो कालोपत्रे | | | ५७०० | |
| | | | ५ र ६ | | |
| | कुल जम्मा | | | ११४५८१ | |

**बैठक संख्या : ७५**
निर्णय नं. ९

**मिती : २०७७।०४।१९ गते**

प्रस्ताव नं. ९ को विविध विषय माथि छलफल गर्दा राप्ती नगरपालिका वडा नं. १३ मा स्थायी बसोबास गर्ने चन्द्रविर प्रजाको नातिनी सन्त बहादुर प्रजा तथा राप्ती नगरपालिका वडा सदस्य श्री सुमित्रा प्रजाको १२ वर्षीय छोरी सपना प्रजाको मिति २०७७।०४।०९ गते बिहान १० बजेको समयमा घाँस काट्न जंगलमा गएको बेला अचानक माथिबाट ढुंगा खस्दा घटनास्थलमै मृत्यु भएका कारण राप्ती नगरपालिका परिवार स्तब्ध भएका छौ । हामी सबै छोरी सपना प्रजा प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोकाकुल सम्पूर्ण परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने निर्णय गरियो ।

Scanned with CamScanner